# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ६७५/२०७२/०७३

निर्णय नं. १९

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल ..............................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाल आयल निगम, बबरमहल ..............................................................१ विपक्षी
सूचना अधिकारी, नेपाल आयल निगम, बबरमहल ..............................................................१

विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले नेपाल आयल निगम, बबरमहल समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०३।२१ मा पुनरावेदन गरेको । उक्त पुनरावेदन सम्बन्धमा यस आयोगले मिति २०७३।०३।२९ मा सूचना दिनू भन्ने आदेश गरेको । सो आदेश कार्यान्वयनको सम्बन्धमा च. नं. २३ मिति २०७३।०४।०३ मा लेखी गएको । तत् पश्चात नेपाल आयल निगम, बबरमहलको पत्र सं. २०७३।०७४ च. नं. ९०९ मिति २०७३।०४।२८ को पत्रबाट पुनरावेदकलाई माग बमोजिमको सूचना उपलब्ध गराई यस आयोगलाई समेत जानकारी गराएकोले सो सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम् ।